## बैठक नं. ३४

मितिः २०८३।०२।२३ गते शनिबार जिल्ला सरकारी वकील कार्यालय, जाजरकोटको आयोजनामा सरकारी वकील र वन अनुसन्धान अधिकृतबीच वन र वन्यजन्तु सम्बन्धी नेपाल सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

**सरकारी वकील**

जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्साल, जिसवका जाजरकोट

सहायक जिल्ला न्यायाधिवक्ता श्री डिल्लीराज ज्ञवाली, जिसवका जाजरकोट

**वन अनुसन्धान अधिकृत**

डिभिजनल वन अधिकृत श्री दिपेश के.सी., डिभिजन वन कार्यालय, जाजरकोट

वरिष्ठ वन अधिकृत श्री कृष्णराम धिताल, डिभिजन वन कार्यालय, जाजरकोट

वन अधिकृत श्री तारासिंह भुल, भेरी सव डिभिजन वन कार्यालय, जाजरकोट

वन अधिकृत श्री तुफान गौतम, बारेकोट सव डिभिजन वन कार्यालय, जाजरकोट

वन अधिकृत श्री अखिलेश यादव, जुनीचाँदे सव डिभिजन वन कार्यालय, जाजरकोट

वन अधिकृत श्री सेजल वर्मा, डिभिजन वन कार्यालय, जाजरकोट

वन अधिकृत श्री सन्तोष श्रेष्ठ, नलगाड सव डिभिजन वन कार्यालय, जाजरकोट

वन अधिकृत श्री शिव सारु, डिभिजन वन कार्यालय, जाजरकोट

सहायक वन अधिकृत श्री पूर्णबहादुर चन्द, डिभिजन वन कार्यालय, जाजरकोट

सहायक वन अधिकृत श्री भोजप्रसाद उपाध्याय, डिभिजन वन कार्यालय, जाजरकोट

**अनुसन्धान सहायक**

फरेष्टर श्री शिवराज गिरी, डिभिजन वन कार्यालय, जाजरकोट

फरेष्टर श्री ओपेन्द्र ओली, डिभिजन वन कार्यालय, जाजरकोट

फरेष्टर श्री भीमजंगबहादुर के.सी., डिभिजन वन कार्यालय, जाजरकोट

सहायक कर्मचारी

नायव सुब्बा श्री गोविन्द वि.क., जिसवका जाजरकोट

नायव सुब्बा श्री गणेशबहादुर घर्ति, जिसवका जाजरकोट

कम्प्युटर अपरेटर श्री सुमन भण्डारी, जिसवका जाजरकोट

खरिदार श्री मिमबहादुर शाही, जिसवका जाजरकोट

छलफलका विषयहरू:

१) सजाय छुट सम्बन्धी कानूनको कार्यान्वयन गर्ने सम्बन्धमा ।

२) मुद्दाको शुरुवात चरणदेखि अनुसन्धान अधिकारीले सरकारी वकीलसँग प्रभावकारी समन्वय गर्ने सम्बन्धमा ।

३) अनुसन्धान अधिकारीको क्षमता अभिवृद्धिका लागि निरन्तर सहकार्य र समन्वय गर्ने सम्बन्धमा ।

निर्णयहरु

१) विषय नं १ का सम्बन्धमा छलफल गर्दा मुलुकी अपराध संहिता, २०७४ को दफा ४७, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३३ लगायत नेपाल सरकार वादी हुने फौजदारी मुद्दाका विभिन्न कानूनहरुमा सजाय छुट सम्बन्धी व्यवस्था रहेको छ । नेपाल सरकारबाट सजाय छुट दिने मागदाबी सम्बन्धी निर्देशिका, २०८० समेत जारी भई अनुसन्धान गर्ने निकाय प्रहरी अनुसन्धान अधिकारीबाट सजाय छुट सम्बन्धि सिफारिस भई अभियोजन गर्ने निकाय सरकारी वकीलबाट समेत अभियोग पत्रमा सजाय छुट सम्बन्धि विषयलाई समावेश गरी जाजरकोट जिल्ला अदालतमा सजाय छुट सम्बन्धी मागदावीको अभ्यास गरी अभियोजन भई सजाय छुट सहित फैसला समेत भएको अवस्था छ । अनुसन्धान गर्ने निकायहरुले बयान र सोधपुछका क्रममा प्रतिवादी र कानूनको विवादमा परेका बालबालिकालाई सजाय छुटको विषयमा जानकारी गराई प्रतिवादी/कानूनको विवादमा परेका बालबालिकाबाट अनुसन्धानमा सहयोग पुग्दा अनुसन्धान प्रभावकारी हुने भएकाले अनुसन्धानको प्रारम्भिक चरणदेखि अनुसन्धान अधिकारीले सजाय छुट लिन सकिने मुद्दाहरुका विषयमा सरकारी वकीलसँग छलफल गर्ने तथा सजाय छुटको मागदावी हुँदा मुद्दालाई छिटो छरितो रुपमा निरुपण गर्न समेत अदालत र मुद्दा हेर्ने अधिकारीलाई सघाउ पुग्ने भएकाले डिभिजन वन कार्यालयबाट अनुसन्धान हुने मुद्दाको अनुसन्धानमा सजाय छुट सम्बन्धी कानूनी व्यवस्थाको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

२०८३।१।२३

२) विषय नं २ का सम्बन्धमा छलफल गर्दा वन अनुसन्धान अधिकारी समक्ष कसूरको सूचना प्राप्त हुने वित्तिकै सरकारी वकीललाई कसूरको जानकारी गराई कसूरको अनुसन्धान र अभियोजन कार्य सम्पन्न गर्ने कार्यमा वन अनुसन्धान अधिकारी र सरकारी वकील बीच प्रभावकारी समन्वय गर्ने निर्णय गरियो ।

३) विषय नं ३ का सम्बन्धमा छलफल गर्दा डिभिजन वन कार्यालय जाजरकोटको आयोजना र जिल्ला सरकारी वकील कार्यालय जाजरकोटको समन्वयमा जाजरकोट स्थित वन र प्रहरी अनुसन्धान अधिकारी, अदालत, जिल्ला प्रशासन कार्यालय र सरकारी वकील कार्यालयमा कार्यरत कर्मचारीहरुको दुई दिने "वन र वन्यजन्तु कसूर सम्बन्धी अनुसन्धान र अभियोजन" सम्बन्धी क्षमता अभिवृद्धि तालिम मिति २०८३।२।२२ र मिति २०८३।२।२३ गते जिल्ला सरकारी वकील कार्यालय जाजरकोटको सभाहलमा सम्पन्न गरिएकोमा यस किसिमको तालिमले वन र वन्यजन्तु विषयको गहिराई बुझ्न, अनुसन्धान, अभियोजन र न्यायिक विषयमा जानकारी प्राप्त भई सिकाईहरुको अनुभव आदान प्रदानले एक आपसमा समन्वय वृद्धि हुनुका साथै वन अनुसन्धान अधिकारीहरुको अनुसन्धान र अभियोजन सम्बन्धी क्षमता अभिवृद्धिमा सघाउ पुगेकाले क्षमता अभिवृद्धि सम्बन्धी तालिम र कार्यशाला डिभिजन वन कार्यालय र जिल्ला सरकारी वकील कार्यालयको संयुक्त समन्वयमा आगामी दिनमा समेत निरन्तर आयोजनाका लागि सहकार्य र समन्वय गर्ने निर्णय गरियो ।

२०८३।२।२३